चक्रघट्टा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३ मिति : २०७९/०५/२९

## भाग-२

## चक्रघट्टा गाउँपालिकाद्वारा प्रकाशित

# चक्रघट्टा गाउँपालिकामा स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना** : चक्रघट्टा गाउँपालिका अन्तर्गत स्थापना भई संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक अनुपात धेरै भएका र प्रचलित कानून तथा मापदण्ड बमोजिम शिक्षक दरबन्दी नभएकोले त्यस्ता विद्यालयहरुमा भएको शिक्षक अभावलाई परिपुर्ति गर्न आवश्यक योग्यता भएको जनशक्तिलाई स्वयं सेवक शिक्षकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गरी सम्बोधन गर्न बाञ्छनीय भएकोले यो "स्वयम्सेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७९" जारी गरिएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "स्वयम्सेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ ।

(ख) “प्राथमिक शिक्षा” भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिने शिक्षा सम्झनु पर्छ ।

(ग) “निम्न माध्यमिक शिक्षा” भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिने शिक्षा सम्झनु पर्छ ।

(घ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिने शिक्षा सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले चक्रघट्टा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको चक्रघट्टा गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) “विद्यालय” भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ज) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(झ) “छनौट समिति” भन्नाले नियम बमोजिम गठन हुने स्वय सेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(ञ) “प्रमुख” भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) “व्यवस्थापन समिति” भन्नाले स्थानिय शिक्षा ऐनमा व्यवस्था भए बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) “शाखा प्रमुख” भन्नाले गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख वा सो को कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने विभागलाई सम्झनु पर्छ ।

(त) "स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक शिक्षक सम्झनु पर्छ ।

(द) "गाउँसभा" भन्नाले संघिय कानून बमोजिम गठन भएको चक्रघट्टा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

**३. <u>स्वयंसेवक शिक्षक व्यवस्थापनको उद्देश्य तथा क्षेत्र :</u>**

१) स्वयंसेवक शिक्षक व्यवस्थापनको उदेश्य देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपुर्ति गर्नु ।

ख) विद्यालय स्तरको शैक्षिक गुणस्तर अभिबृद्धिमा सघाउ पूर्याउनु ।

ग) शिक्षण गर्न आवश्यक शैक्षिक योग्यता भएका जनशक्ति मार्फत राष्ट्र सेवा गर्न अवसर प्रदान गराउनु

घ) स्थानीय युवा जनशक्तिमा शिक्षण सीप, दक्षता र नेतृत्व विकासको मौका उपलब्ध गराउनु ।

२) शिक्षक अभाव भएका समुदायिक विद्यालय स्वयंसेवक शिक्षक व्यवस्थापनको क्षेत्र रह्नेछ ।

## परिच्छेद २

## स्वयंसेवक शिक्षकको संख्या,संकलन,निर्धारण तथा योग्यता सम्बन्धि व्यवस्था

४. **<u>स्वयंसेवक शिक्षकको माँग सङकलन:</u>** शिक्षा युवा तथा खेलकुद शाखाले प्रचलित कानुन तथा मापदण्ड बमोजिम शिक्षक दरबन्दी नभएका वा शिक्षक अभाव रहेको विद्यालय मार्फत अपुग शिक्षक माँग सङकलन गरि सङख्या यकिन गर्नुपर्ने छ ।

**५. <u>स्वयंसेवक शिक्षकको संख्या निर्धारण :</u>** (क)गाउँ शिक्षा समितिले पालिकाभित्र रहेका विद्यालयहरुमा हाल कायम रहेको दरवन्दि समेतलाई गणनाणा गरी नेपाल सरकारको प्रचलित कानून र मापदण्ड बमोजिम दरबन्दि अपुग हुने विद्यालयहरुका लागी तहगत

र विषयगत रुपमा पालिका स्तरमै स्वयंसेवक शिक्षकको सङ्ख्या निर्धारण गर्न गाउँकार्यपालिकामा सिफारिस गर्ने छ ।

(ख) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले गाउँ शिक्षा समितिको सिफारिसमा माग भए अनुसार पालिका स्तरमै स्वयंसेवक शिक्षकको संख्या निर्धारण गर्ने छ ।

६. **स्वयंसेवक शिक्षकको योग्यता सम्बन्धि ब्यवस्था :** देहायका बमोजिमका व्यक्तिहरु स्वयंसेवक शिक्षक पदको लागि योग्य हुन सक्नेछ ।

क) नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पुरा भई ४० वर्ष उमेर ननाघेको ।

ग) मगज नबिग्रेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नगरिएको ।

च) सम्बन्धित तहको अध्यापन अनुमति पत्र हासिल गरेको (बालविकास सहजकर्ताको हकमा अनिवार्य नहुने) र प्रथम पटक प्रकाशित सूचनामा मा.वि. तहको विज्ञान तथा लेखा विषयको स्वयंसेवक शिक्षक पदमा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवार सफल नभएमा वा उपलब्ध नभएमा दोस्रो पटक ७ (सात) दिने सूचना प्रकाशन गरी अध्यापन अनुमति पत्र हासिल नगरेका उम्मेदवारलाई समेत परीक्षामा सहभागी गराइनेछ ।

छ) शैक्षिक योग्यता:

१) बाल विकास सहजकर्ताका लागि प्रबेशिका परीक्षा वा सो सरहको परीक्षा उर्तीण गरेको

२) प्राथमिक तहको स्वयम्सेवक शिक्षकको लागि प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उर्तीण गरेको ।

३) निम्न माध्यमिक तहको स्वयम् सेवक शिक्षकको लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्तीण गरेको ।

४) माध्यमिक तहको स्वयम् सेवक शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उर्तीण गरेको ।

७. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया :** यस कार्यबिधि बमोजिम लिइने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया छनौट समितिले तोके बमोजिम हुने छ ।

## परिच्छेद ३

## स्वयंसेवक शिक्षक छनौट समिति सम्बन्धि व्यवस्था

८. **स्वयंसेवक शिक्षक छनौट समिति :** स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिश गर्न गाउँपालिकामा देहाय बमोजिमको एक स्वयंसेवक शिक्षक छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

ख) गाउँ शिक्षा समितिले तोकेको एकजना प्रधानाध्यापक सदस्य

ग) गाउँ शिक्षा समितिले तोकेका २ जना विषय विशेषज्ञ सदस्य

घ) शाखा प्रमुख (शिक्षा, युवा तथा खेलकुद शाखा) सदस्य सचिव

९. **स्वयंसेवक शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार :** यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने ।

ख) लिखित परीक्षाका लागि गोप्य रुपमा प्रश्नपत्र निर्माण गर्ने/गराउने ।

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने ।

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने ।

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने ।

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने ।

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने ।

ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

झ) नियुक्तिका लागि सिफारिस गर्ने ।

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने ।

## परिच्छेद ४

## स्वयंसेवक शिक्षक छनौट तथा ब्यबस्थापन

**१०. स्वयंसेवक शिक्षकको छनौट तथा परिचालन**

**क) स्वयंसेवक शिक्षकका विज्ञापन तथा आवेदन :** १.गाउँपालिकाले स्वयंसेवक शिक्षकका लागि कम्तीमा १५ दिनको म्याद दिई तोकेको परीक्षा दस्तुर सहित सूचना प्रकाशन गरि विज्ञापन गर्नु पर्ने छ ।

२. लिखित परीक्षाको प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले तोके बमोजिमको परीक्षा दस्तुर दाखिला गरि अनुसूची एक बमोजिमको दराखास्त फारम भरी गाउँपालिकाको कार्यालयमा समयावधि भित्र बुझाउनु पर्ने छ ।

**ख) प्रबेशपत्र सम्बन्धि ब्यवस्था :** तोके बमोजिम पर्न आएको दरखास्त छानबिन गर्दा रित पुगेको देखिएमा छनौट समितिले सम्बन्धित उम्मेदवारलाई प्रबेशपत्र दिनु पर्ने छ ।

**ग) स्वीकृत नामावलीको सुची टाँस गर्नु पर्ने :** छनौट समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएको सबै उम्मेदवारहरुको नामावलीको सुची तयार गरि सूचना पार्टीमा टाँस गर्नु पर्ने छ ।

**घ) परीक्षा हुने मिति, समय र केन्द्र :** यस कार्यबिधी बमोजिम लिने परीक्षा छनौट समितिले तोकेको मिति, समय र केन्द्रमा संचालन हुने छ ।

**ङ) परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क :** यस कार्यबिधी बमोजिम लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क देहाय बमोजिम हुने छ ।

| | पूर्णाङ्क | उतीर्णाङ्क |
|---|---|---|
| १. लिखित परीक्षको | १०० (बस्तुगत २५ र विषयगत ७५) | ४० |
| २. अन्तर्वार्ताको | २५ | १० |

**च) सफल उम्मेदवारको सुची प्रकाशन गरिने :** लिखित परीक्षाबाट उतीर्ण उम्मेदवारहरुको नाम वर्णाक्रम अनुसार अन्तरर्वाताका लागि प्रकाशन गरिने छ ।

**छ) अन्तर्वाता सम्बन्धि व्यवस्था :** अन्तर्वाताका लागि छनौट भएका उम्मेदवारको अन्तर्वाता लिनका लागि छनौट समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ सहित रहेको कम्तीमा तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्ने छ ।

**ज) अन्तर्वार्ताको अङ्क :** अन्तर्वार्ताका लागि छुट्याइएका २५ अङ्क देहाय बमोजिम दिइनेछ ।

१. अनुभव वापत सोही श्रेणीको पदमा अस्थायी वा राहत अनुदान कोटा अन्तर्गतको शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको शून्य दशमलब ५ आङ्कका दरले बढीमा ५ अङ्क

२. शैक्षिक योग्यता बापत सेवा प्रबेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्बितीय श्रेणी भए दुई अंक र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई अंक र द्बितीय श्रेणी भए एक अंक

३. अन्तर्वार्ता वापत बढीमा पन्ध्र अंक, तर अन्तर्वार्ताको अंक दिदाँ कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

**झ) योग्यता क्रम प्रकाशित गर्ने :** १. छनौट समिति लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारहरुको नाम नियुक्तिका लागि सिफारिस सहित योग्यता क्रम प्रकाशित गर्ने छ ।

२. यसरी सिफारिश गर्दा रिक्त पद संख्याको १० प्रतिशतले हुने संख्यामा उम्मेदवारको नाम बैकल्पिक सूचीमा राख्नु पर्ने छ ।

३. एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहका लागि मात्र सिफारिश गरिने छ ।

## परिच्छेद ५

## स्वयंसेवक शिक्षकको नियुक्ति, पदस्थापन र काम कर्तव्य र अधिकार

११. **स्वयंसेवक शिक्षकको नियुक्ति :** (क) सिफारिस गरिएको उम्मेदवारलाई गाउँकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ ।

(ख) यसरी मूल उम्मेदवारले सार्वजनिक सूचना प्रकाशित गरेको सात दिनभित्र नियुक्ति नलिएमा बैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सात दिने सार्वजनिक सूचना प्रकाशन गरि अवसर दिइने छ ।

१२. **स्वयंसेवक शिक्षकको पदस्थापन :** १. नियुक्तिका लागि सिफारिश गरिएका उम्मेदवारहरुलाई तोकिएको कार्य क्षेत्रमा गाउँकार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको रुपमा पदस्थापन गरिने छ ।

२. यसरी पदस्थापन गर्नु पूर्व स्वयंसेवक शिक्षकसंग शिक्षा शाखाले अनुसूची २ बमोजिमको ढाचाँमा सम्झौता गर्न गराउनु पर्ने छ ।

१३. **स्वंयसेवक शिक्षकको काम कर्तव्य र अधिकार :** स्वयंसेवक शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हप्तामा न्यूनतम चौबीस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने ।

(ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्ने ।

(ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

१४. **स्वयंसेवक शिक्षकको अवकाश सम्बन्धी व्यवस्था :** (१) स्वयंसेवक शिक्षकलाई देहाय बमोजिमको अवस्थामा गाउँकार्यपालिकाले अवकाश दिन सक्नेछ :

(क) सम्झौता बमोजिमको अबधि समाप्त भएमा ।

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक वा शिक्षा शाखा प्रमुख समक्ष दुई महिना पूर्व लिखित निवेदन दिएमा ।

(ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा ।

(घ) खराब आचरण प्रदर्शन गरेमा ।

(ङ) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा । तर त्यसरी अवकाश दिनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ६

## स्वयंसेवक शिक्षकको सेवा, सुविधा र शर्त

१५. **स्वयंसेवक शिक्षकको सेवा शर्त :** (क) स्वयंसेवक शिक्षकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ ।

(ख) बहालबाला स्वयंसेवक शिक्षकको तोकिएको कार्यावधि सकिएपछि गाउँकार्यपालिकाले निजलाई अर्को शैक्षिक सत्रको लागि कार्यावधि पुनः थप गर्न सक्ने छ ।

(ग) स्वयंसेवक शिक्षकले अनुसूची २ अनुसारको सम्भौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

१६. **स्वयंसेवक शिक्षकलाई दिइने सुविधा :** (क) स्वयंसेवक शिक्षकलाई देहाय बमोजिमको मासिक निर्वाह खर्च दिईनेछ ।

| क.सं. | निर्वाह खर्च | माशिक रु. |
|---|---|---|
| १. | बालविकास सहजकर्ता | १०,०००।- |
| २. | प्राथमिक तह | १५,०००।- |
| ३. | निम्न माध्यमिक तह | १८,०००।- |
| ४. | माध्यमिक तह | २५,०००।- |

(ख) गाउँकार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको माशिक निर्वाह खर्चमा बृद्धि गर्न सकिने छ ।

१७. **स्वयंसेवक शिक्षकको विदा :** स्वयंसेवक शिक्षकले शिक्षा नियमावलीमा उल्लेख भए बमोजिमको बिदा पाउने छ ।

## परिच्छेद ७

## विविध

१९. **स्वयंसेवक शिक्षकले पालना गर्नुपर्ने आचार संहिता :** स्वयंसेवक शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :

क) आफुले गरेको सम्झौता अनुसारको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

घ) नेपाल सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै पनि कार्य नगर्ने,

ङ) सम्बन्धित निकायको नियम र कानून विपरीतको कार्य नगर्ने,

च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

छ) इमानदार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अबलम्बन गर्ने

२०. **अनुगमन तथा प्रतिवेदनको व्यवस्था :** स्वयंसेवक शिक्षकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ र आवश्यक्ता अनुसार गाउँपालिकाले पनि स्थलगत अनुगमन गर्न सक्ने छ ।

२१. **प्रमाणपत्र दिनु पर्ने :** स्वयंसेवक शिक्षकले सम्झौता बमोजिमको कार्यवधि पुरा गरेपछि गाउँपालिकाले अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्ने छ ।

२२. **बाझिएमा अमान्य हुने :** यस कार्यबिधिको कुनै व्यवस्था प्रचलित कानूनसंग बाझिएको हद सम्म कार्यबिधिको ब्यवस्था अमान्य हुने छ ।

**अनुसूची १**

**(नियम १० को उपनियम २ संग सम्बन्धित )**

**स्वयंसेवक शिक्षकको लागि आवेदन फारमको ढाँचा**

---

**चक्रघट्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**

फोटो

स्वयंसेवक शिक्षक पदको प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम
परीक्षा दिन चाहेको :

विज्ञापन नं. : तह : विषय :

१. व्यक्तिगत विवरण सम्बन्धि :

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नम,थर | (देवनागरीमा) : | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) : | लिङ्ग : |
| | नागरिकता नं. : | | |
| | जारी गरेको जिल्ला : | | |
| | जारी मिति : | | |
| | स्थायी अध्यापन अनुमति पत्र नं. | | तह : |
| स्थायी ठेगाना | जिल्ला : | | वडा नं. |
| | गा.पा. ⁄ ना.पा.: | | फोन नं. |

| पत्रचार गर्ने ठेगाना : | | | | इमेल नं. |
|---|---|---|---|---|
| बाबुको नाम, थर : | | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर : | | पति/पत्नीको नाम, थर : | | |
| जन्ममिति (साल,महिना, गते) : | वि.सं.मा | ई.सं.मा | | |
| | दरखास्त दिने अन्तिम मिति सम्मको उमेर : वर्ष : महिना : गते : | | | |

२. न्यूनतम योग्यता सम्बन्धि विवरण :

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम | उतीर्ण गरेको | | | कूल प्राप्तांक | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. शिक्षण अनुभव सम्बन्धि विवरण :

| क्र.सं. | शिक्षण गरेको संस्था/विद्यालय | तह | विषय | शिक्षणको अवधि<br>देखि......................सम्म | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. स्वयंसेवक शिक्षक पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको दस्तुर वपातको रकम ..........बैंक खता नं. ...................मा मति............दाखिला गरेको सक्कल भौचर र आवश्यक कागजातहरुको छायाँप्रति यसै दरखास्त फाराम साथ संलग्न गरि पेश गरेको छु ।

५. यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । लेखिएको विवरण झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठा छाप

| | |
|---|---|
| दायाँ | बायाँ |

मिति : उम्मेदवारको दस्तखत

**चक्रघट्टा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**

फोटो

## प्रवेश पत्र

परीक्षार्थीले भर्ने :

क) उम्मेदवारको नाम, थर :

ख) विज्ञापन नं. : ग) तह : घ) विषय :

ङ) परीक्षार्थीको दस्तखत :

दरखास्त संकलन केन्द्रका सम्बन्धित कर्मचारीले भर्ने :

यस गाउँपालिकाबाट मिति.............मा लिईने स्वयंसेवक शिक्षकको खुल्ला प्रतियोगितात्मक परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलत हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुन सुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्ध हुनेछ।

परीक्षा केन्द्र रौल नं.: अधिकृतको दस्तखत

## परीक्षार्थीले पालना गर्नु पर्ने नियमहरु :

१. परीक्षार्थी परीक्षा/अन्तर्वार्ता दिन आउँदा प्रवेश पत्र लिएर आउनु पर्ने छ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन्।

३. दरखास्त फाराममा लेखिएको तह र विषयको परीक्षामा मात्र सम्मिलत भई परीक्षा दिनु पर्ने छ।

४. उत्तरपुस्तिकमा नाम, थर, रौल नं. आदि विवरण लेखेको कभर पेजको ठिक पछाडीको पृष्ठमा उत्तर लेख्नु हुदैंन्।

५. परीक्षामा सिसाकलमको प्रयोग गर्न पाईने छैन्।

६. बस्तुगत परीक्षाको उत्तरपुस्तिका बुझाई सकेपछि मात्र विषयगत परीक्षाका लागि प्रश्न पत्र दिइने छ।

७. परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन्।

८. परीक्षा हल भित्र किताब, कपी, चिट आदि लैजान पाइने छैन्।

९. परीक्षार्थीले आपसमा कुराकानी र संकेत गर्न पाइने छैन्।

१०. आफुलाई चिनाउने कुनै संकेत उत्तरपुस्तिकमा लेख्न पाइने छैन्।

११. परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१२. गाउँपालिकाको प्रकाशित विज्ञापन वा सूचनामा उल्लेखित कार्यक्रम अनुसार परीक्षा हुनेछ।

अनुसूची २

(नियम १२ को उपनियम २ संग सम्बन्धित)

स्वयंसेवक शिक्षकसंग अन्तर्गत शिक्षा शाखा गर्नु पर्ने सम्झौता-पत्रको ढाँचा

## सम्झौता पत्र

श्री गाउँ कार्यपालिकाको कार्यालय चक्रघट्टा, सर्लाही, शिक्षा, युवा तथा खेलकुद शाखा (यसपछि "प्रथम पक्ष" भनिनेछ ) र ..................................गा.पा. ⁄ना.पा. वडा नं..........स्थायी ठेगाना भई हाल.........................................................................बस्ने श्री ......................................................(यसपछि "दोस्रो पक्ष" भनिनेछ ) बीच स्वयंसेवक शिक्षकका रुपमा शैक्षिक सत्र............................ भरी शिक्षण कार्य गर्न भएको सम्झौता पत्र ।

१. प्रथम पक्षले गर्नुपर्ने कार्यहरु

क) स्वयंसेवक शिक्षक ब्यबस्थापन कार्यविधि, २०७९ बमोजिम निर्वाह खर्च वापतको रकम उपलब्ध गराउने ।

ख) स्वयंसेवक शिक्षक ब्यबस्थापन कार्यविधि, २०७९ बमोजिम स्वयंसेवक शिक्षकले पाउने बिदाको सुविधा उपलब्ध गराउने ।

ग) स्वयंसेवक शिक्षक ब्यबस्थापन कार्यविधि, २०७९ बमोजिम स्वयंसेवक शिक्षकको आचारसंहिता पालना गराउने ।

२. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु :

क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनु पर्ने ।

ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

ग) स्वयंसेवक शिक्षक ब्यबस्थापन कार्यविधि, २०७९ बमोजिम स्वयंसेवक शिक्षकको आचारसंहिता पालना गर्ने ।

घ) निर्वाह खर्च बाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दाबी नगर्ने ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| दस्खत : | दस्तखत : |
| मिति : | मिति : |
| | |
| रोहबर | रोहबर |
| नाम : | नाम : |

पद : पद :

दस्तखत : दस्तखत :

मिति : मिति :

**अनुसूची ३**
**(नियम २१ संग सम्बन्धित)**
**स्वयंसेवक शिक्षकलाई दिइने प्रमाण पत्रको ढाँचा**
**चक्रघट्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

प्रमाण - पत्र

………………जिल्ला…………………गाउँपालिका, वडा नं………….स्थायी ठेगाना भएका श्री……………………………………………

ले यस गाउँपालिका वडा नं…………को श्री………………………………………………………विद्यालय…………………………मा

प्रा.वि. ⁄ नि.मा.वि. ⁄ मा.वि. तहमा …………………………विषयको शिक्षण कार्य मिति……………………………………………

देखि……………………………………सम्म गर्नु भएकोले स्वयंसेवक शिक्षक सेवाको उच्च मूल्याकंन गरी स्वयंसेवक शिक्षक कार्यविधि, २०७९ को नियम २१ बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहाँको अमुल्य योग्दान रह्ने विश्वास सहित गाउँपालिका तपाईको उज्जवल भविष्यको कामना गर्दछ ।

……………………………

मिति : प्रमुख प्रशासकीय अधिकृत

**चक्रघट्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चक्रघट्टा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ती सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति ..........................................

यस चक्रघट्टा गाउँपालिका अन्तर्गत लिखित प्रतियोगितात्मक परीक्षाद्वारा निम्न तह र विषयको करार सेवामा स्वयंसेवक शिक्षक पदपुर्ती गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। रित नपुगी वा म्याद नाघेर आएको दरखास्त अमान्य हुनेछ।

क) शिक्षा सेवा, स्वयंसेवक शिक्षक

| क्र.सं. | वि.नं. | पद | तह | विषय | माग पद संख्या | माशिक निर्वाह खर्च | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

आवश्यक न्युनतम योग्यता :............................................................................................................................................................................................................

परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

परीक्षा केन्द्र.............................

दस्तुर बुझाउने बिधि र स्थान.............................

लिखित परीक्षाको कार्यक्रम : मिति......................................

अन्तर्वार्ताको कार्यक्रम : मिति.............................................

आवश्यक कागजातहरु

क) उम्मेदवारको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी

ख) अध्यापन अनुमति पत्रको प्रतिलिपी

ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

घ) सामुदायिक विद्यालयमा अस्थायी सेवा गरेको प्रमाण पत्रको प्रतिलिपी (Golden Handshake लिएका/लिइने शिक्षकको हकमा)

ङ) अविच्छिन्नताको प्रमाण पत्र । (सामुदायिक विद्यालयमा नीजि स्रोत शिक्षकको रुपमा १५ वर्षदेखि अविच्छिन्न रुपमा सेवा गरिरहेको शिक्षकको हकमा )

च) अपाङ्गताको प्रमाण पत्रको प्रतिलिपी । (अपाङ्गको हकमा )

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :– २०७९/०५/२९ गते बुधवार**

आज्ञाले,
संजिव कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत